www.shahidlakhanmun.gov.np
sahidlakhanrm@gmail.com

# शहिद लखन गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ्ग, गोरखा

प.सं. २०७७/०७८
च.नं.

गण्डकी प्रदेश, नेपाल

## प्रेस नोट

(मिति : २०७७।११।१८)

हालैका दिनहरुमा विभिन्न अनलाईन आम संचारका माध्यमहरुमा यस गाउँपालिकाको उपाध्यक्ष ज्यू समेतको नाम जोडेर आएका समाचारहरु प्रति यस गाउँपालिकाको गम्भिर ध्यानाकर्षण भएको छ ।यस गाउँपालिकाको वडा नं १ बाट ज्ञान प्रसाद संग्रौलाले भुकम्प पीडितको रुपमा निजी आवास पुनर्निर्माण लाभग्राहीको सम्झौता गरेको भन्ने सम्बन्धमा उजुरी पेश भएको विषयमा गाउँपालिकाबाट वास्तविकता बुझ्ने काम भैरहेको छ । साथै यस विषयमा छानबिन गरी आवश्यक निर्णय गर्नका लागि राष्ट्रिय पुनर्निर्माण प्राधिकरण,अनुदान व्यवस्थापन तथा स्थानीय पूर्वाधार गोरखालाई समेत पत्राचार गरी सकिएको छ । निजलाई लाभग्राहीको रुपमा सूचिकृत गर्नका लागि समेत उपाध्यक्ष ज्यूबाट सिफारिस गरिएको भन्ने विषय मनगढन्ते र आधारहिन रहेको छ ।

निजलाई गाउँपालिकाबाट उत्कृष्ट कृषक पुरस्कार प्रदान गरिएको भन्ने समाचार असत्य र भ्रमपूर्ण रहेको छ । साथै वडा नं १ मा गाउँपालिकाबाट उपभोक्ता समिति मार्फत संचालित योजनाहरुको पास र उपाध्यक्ष ज्यूको व्यक्तिगत सम्पत्तिको विषयमा समेत कपोल्कल्पित र अनर्गल समाचार सम्प्रेषण गरी चरित्र हत्या गर्ने प्रयास गरिएको प्रति घोर भर्त्सना एवं खण्डन गर्दछौं ।

राज्यको चौथो अंगको रुपमा रहेको आम संचार माध्यमबाट अनर्गल झुटो आरोप लगाउने र जिम्मेवार पदाधिकारीको प्रतिष्ठा माथि आँच पुऱ्याउने तवरले समाचार सम्प्रेषण हुनु दुखद् विषय हो ।सत्य तथ्य एवं वास्तविकता बुझेर जिम्मेवार रुपमा समाचार सम्प्रेषण गर्न सम्बन्धित सबैमा गाउँपालिका हार्दिक अनुरोध गर्दछ ।

इन्दिरा तिवारी
उपाध्यक्ष
इन्दिरा तिवारी
उपाध्यक्ष

रमेश बाबु थापा मगर
अध्यक्ष
रमेश बाबु थापा मगर
अध्यक्ष

Scanned with CamScanner